चौविसे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

१ नं. प्रदेश, नेपाल

## दरखास्त आह्वान सम्वन्धि सुचना

प्रथम पटक प्रकाशित मिति २०७४/११/६

यस कार्यालयको लागि देहाय वमोजिमको पदमा कर्मचारी आवश्यक भई सेवा करारको माध्यमबाट लिनु पर्ने भएको हुंदा इच्छुक न्युनतम योग्यता पुगेका व्यक्तिहरुलाई यो सुचना प्रकाशन भएको मितिले ०७ दिन भित्र कार्यालयले तोकेको ढांचामा दरखास्त पेश गर्न हुन सुचित गरिन्छ । थप जानकारीको लागि यस कार्यालयको फोन नं.०२६-४११०३२ मा सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

देहाय

| सुचना नं. | विज्ञापन गरिएको पद | आवश्यक संख्या | सेवाको किसिम | दरखास्त फारम शुल्क | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| ५/०७४-०७५ | कार्यालय सहयोगी | ६ (छ) | सेवा करार | रु.३००।- | छोटो सुची प्रकाशन र अन्तरवार्ता |
| ६/०७४-०७५ | हलुका सवारी चालक (ट्रयाक्टर) | १(एक) | सेवा करार | रु.३००।- | छोटो सुची प्रकाशन र अन्तरवार्ता |
| ७/०७४-०७५ | हलुका सवारी चालक (जिप) | १(एक) | सेवा करार | रु.३००।- | छोटो सुची प्रकाशन र अन्तरवार्ता |

### आवश्यक योग्यता तथा दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरु :-

**१. न्युनतम शैक्षिक योग्यता** :- कार्यालय सहयोगीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस एल सी वा सो भन्दा माथिको शैक्षिक योग्यता भएको, मोटरसाईकल चलाउन सक्ने, कम्प्युटरको सामान्य ज्ञान भएको हुनु पर्नेछ । साथै जिप र ट्रयाक्टर चालकको हकमा सवारी चालक अनुमती पत्र लिई अनुभव प्राप्त भएको हुनु पर्नेछ ।

**२. उमेरको हद** :- दरखास्त पेश गर्ने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**३. आवश्यक कागजात** :- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस एल सी उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र, यसअघि काम गरेको भए सो को अनुभव सम्वन्धि कागजात, न्युनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि । साथै दरखास्त साथ पेश गरिएका सम्पुर्ण कागजातको प्रतिलिपिलाई उम्मेदवार स्वयम्ले सक्कल वमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनु पर्नेछ ।

**४. काम गर्नु पर्ने स्थान** :- चौविसे गाउँपालिका क्षेत्र भित्र ।
**५. पारिश्रमिक** :- करार संझौता वमोजिम ।
**६. परीक्षा मिति (अन्तरवार्ता)** :- कार्यालयले सम्पर्क मिति तय गरे पश्चात तोकिनेछ ।

११/६

प्रमुख प्रशासकीय अधिकृत